# कंक्रिटर
# इन्टर्मिडिएट ट्रेड टेस्ट
# नमुना प्रयोगात्मक प्रश्न पत्र

此文件關於混凝土工工藝測試考題。如有需要索取此文件的中文版本，請致電 2100 9000 與香港建造業工藝測試中心聯絡。

This document related to mock test paper of semi-skilled trade test for Concretor. Should you require an English version of this document, please contact Hong Kong Construction Industry Trade Testing Centre at 2100 9000.

# जवाफदेही नहुने बारे

यो पत्र मा लेखिएका कुनै पनि कुराहरु CIC को लिखित आदेश बिना कसैले पनि छाप्न र प्रतिलिपि तयार गर्नु पाउने छैन। प्रयोगात्मक रुपमा यो प्रश्न पत्रमा रहेको सामाग्री पूर्ण रुपमा सहि बनाउन सक्दो मेहनत गरेका छौ, यो हुदा पनि CIC ले सधै यो पढ्नु हुने परीक्षार्थीहरुलाई आफ्नो यहि पेसा सम्बन्धि सल्लाहकारहरु बाट सल्लाह लिनको लागि प्रेरित गर्छौ र परीक्षार्थीहरुले यसैलाई नै आधारित मानेर अथवा यसलाई नै पूर्ण रुपमा भरोशा गरेर यसलाई एउटा आफ्नो पेसा सम्बन्धि सलाहकारहरुको सल्लाहको विकल्पको रुपमा नलिन हुन हार्दिक अनुरोध गर्दछु।

# सम्पर्क को लागि

यो प्रश्न पत्र सम्बन्धि केहि जाचबुझ गर्नु मन लागेमा ट्रेड टेस्ट सेन्टर मा सम्पर्क गर्नसक्नु हुन्छ।


| | |
|---|---|
| 95, Yue Kwong Road | ९५ यु कोङ्ग रोड |
| Aberdeen | एबरडीन |
| Hong Kong | होंगकोङ्ग |

| | |
|---|---|
| फोन नम्बर | :(852)2100 9000 |
| फ्याक्स नम्बर | :(852)2100 9090 |
| इमेल | : enquiry@cic.hk |
| वेबसाइट | : www.cic.hk |


©2020 कन्स्ट्रक्सन इन्डस्ट्रि काउन्सिल

# इन्टर्मिडिएट ट्रेड टेस्ट

ट्रेड : कंक्रिटर

दर्जा : सेमी-स्किल्ड कामदार (Semi-skilled Worker)

विषयवस्तुहरू : 1. 50 mm देखि 100 mm सम्मको गिरावट भएको पहिलेनै मिश्रण गरिएको सुक्खा एग्रीगेट मटेरियलहरुमा उचित मात्रामा पानी लगाउनुहोस । (90 मार्क्स)

**940** mm उचाईको वाल र झुकाइएको स्लाब कंक्रीटिंग खडा गर्न संग्लग्न नक्शा चित्र अनुसार गर्नुहोस ।

तलको कार्यहरु सहित:
- कंक्रीट हाल्नको लागि बेलचाको प्रयोग गर्नुहोस ।
- इन्टरनल भाइब्रेटिंग मेसिनलाइ जाँच गर्नुहोस र शुरू गर्नुहोस ।
- इन्टरनल भाइब्रेटरद्वारा कंक्रीटलाइ खदिलो बनाउनुहोस ।
- तोकिएको लेवलमा राम्रो सतह बनाउनुहोस ।
- कार्य पूरा गरिसकेपछि सरसफाई गर्नुहोस ।

2. २ ओटा कंक्रीट पम्प होसहरु ब्राकेटले जोड्नुहोस , त्यसपछि फुकाल्नुहोस । (10 मार्क्स)

समय अवधि : 3 घण्टा

नोट्स : (1) हरेक परीक्षार्थीले परीक्षा सुरु गर्नु भन्दा पहिले अनिवार्यरूपमा परीक्षार्थीहरूले ध्यान दिनुपर्ने कुराहरू पढ्नु पर्नेछ ।

(2) यदि परीक्षार्थीले टेस्ट अवधिभर सुरक्षा सावधानीहरू अबलम्बन गरेनन्/गरिनन् भने उनलाई अनुत्तीर्ण (फेल) भएको मानिनेछ ।

(3) प्रश्नपत्र 3 पेजको छ । पूर्णाङ्क (फुल मार्क) 100 हो । उत्तीर्णाङ्क (पास मार्क) 60 हो ।

## कार्य रेखाचित्र




इसोमेट्रिक भ्यू




एलिवेशन




एलिवेशनको अन्त

मापनको लागि होइन
सबै डाइमेन्सहरू (mm) मा छन्

**परीक्षार्थीले ध्यान दिनुपर्ने कुराहरू:**

1. परीक्षार्थीहरूले प्रश्नपत्रहरू ध्यान दिएर पढ्नुपर्छ र नबुझेको कुराहरू परीक्षकसँग सोध्न सक्छन् ।
2. प्रश्नपत्रमा यदि कुनै चित्रहरू र विशेष विवरण छ भने परीक्षार्थीहरूले टेस्ट सुरु हुनुभन्दा अगावै त्यसलाई ध्यान दिएर पढ्नुपर्छ ।
3. परीक्षार्थीहरूले प्रश्नपत्र, दिएको कार्य नक्साहरू र विशेष विवरणअनुसार जाँच दिनुपर्छ ।
4. परीक्षार्थीहरूले जाँचमा आउँदा सेफ्टी जुत्ता आफैले लिएर आउनुपर्नेछ । अन्य चाहिने सेफ्टी सामाग्रीहरू भने ट्रेड टेस्टिङ् सेन्टरबाट नै उपलब्ध हुनेछ । परीक्षार्थीहरूले कार्यस्थल सुरक्षाको सुनिश्चितता गर्न सबै सुरक्षा सावधानीहरूको पालना गर्नुपर्नेछ ।
5. टेस्टमा चाहिने सबै टुल्स र सामाग्रीहरू ट्रेड टेस्टिङ् सेन्टरबाट नै उपलब्ध हुनेछ, उपलब्ध गरिएको टुल्स र सामाग्रीहरूको क्वालिटी र उपयोगिता चेकजाच भने परीक्षार्थीहरू आफैले गर्नुपर्नेछ । परीक्षार्थीहरूले सबै टुल्स र सामाग्रीहरू ट्रेड प्राक्टिस अनुसार सही तरिकाले प्रयोग गर्नुपर्नेछ । परीक्षार्थीहरूले टेस्टपछि सबै टुल्सहरू ट्रेड टेस्टिङ् सेन्टरलाई अनिवार्य फिर्ता गर्नुपर्नेछ । यदि कुनै समस्या भएमा परीक्षार्थीहरूले परीक्षकसँग सोध्न र बुझ्न सक्नुहुनेछ ।
6. परीक्षार्थीहरूले टेस्ट र सम्बन्धित कामको लागि दिइएको टुल्स र सामाग्रीहरू टेस्ट दिंदा र सहायक कार्यहरू गर्दा चलाउन र प्रयोग गर्नुपर्नेछ ।
7. टेस्ट भईरहेको बेलामा परीक्षकले रेकर्डको लागि समय समयमा फोटो खिचेर राख्नुहुनेछ ।
8. परीक्षार्थीहरुले कुनै पनि मोबाइल वा क्यामेराबाट फोटो वा भिडियो खिच्न पाउने छैनन् ।
9. इमर्जेन्सी अवस्था बाहेक टेस्ट भईरहेको समयमा परीक्षार्थीहरुले मोबाइल फोन प्रयोग गर्न पाउने छैनन् ।
10. तल लेखिएका मापदण्डमा आधारित रहेर मार्किङ (नम्बर दिने) गरिन्छ ।
    a. नक्सा र विशेष विवरणको सही बुझाइ
    b. टेस्टभन्दा पहिला सबै चाहिने तयारी
    c. कार्यहरूको (काम गर्ने) प्रक्रियाहरू
    d. कामको स्पष्टता तथा गुणस्तर
    e. कामको प्रगति
    f. सामग्रीहरूको सही ढङ्गले ह्याण्डलिङ
    g. टुल्स तथा उपकरणहरूको सही ढङ्गले प्रयोग
    h. सेफ्टी नियमहरूको पालन
    i. अरु ट्रेडहरूको बारेमा सोच्ने र विचार गर्ने
    j. टेस्ट सकिएपछि समानहरू मिलाउने र सरसफाइ

11. समय सकिने बित्तिकै सबै परीक्षार्थीहरूले टेस्ट रोक्नुपर्नेछ ।
12. टेस्ट सकिएपछि परीक्षार्थीहरूले टेस्ट पेपर अनिवार्यरूपमा परीक्षकलाई बुझाउनुपर्नेछ ।
13. परीक्षकलाई घुस दिने प्रस्ताव गर्नु कानूनी अपराध हो, त्यस्तो केसहरूलाई ट्रेड टेस्टिङ् सेन्टरले आइ.सी.ए.सी. (ICAC) मा रिपोर्ट गर्नेछ ।

**यदि परीक्षार्थीले कुनै आवश्यक सेफ्टी सावधानीहरू पालना गर्न सकेनन् र/वा कुनै डरलाग्दो स्थितिहरूमा काम गरे/गरिन् भने उनी फेल भएको मानिनेछ ।**